लेखापरीक्षण प्रतिवेदन

जगदुल्ला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

जगदुल्ला गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/557

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,

जगदुल्ला गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, डोल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/557

श्रीमान् अध्यक्षज्यू ,
जगदुल्ला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
माफगाउँ, डोल्पा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.
महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन

२.२. पालिकाको रु.६२ करोड ९४ लाख ३३ हजार लेखापरीक्षण गरिएकोमा लेखापरीक्षणबाट रु. ३९ लाख ७ हजार बेरुजू देखिएको छ। प्रतिक्रियाबाट रु. १६ लाख ३६ हजार फर्स्यौट भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ लाख ६१ हजार , नियमित गर्नुपर्ने रु. १६ लाख ४३ हजार र पेश्की बाँकी रु. २ लाख ६७ हजार गरी जम्मा रु. २२ लाख ७१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १ करोड ८९ लाख ६० हजार मध्ये रु. १ करोड ३३ हजार फर्स्यौट भई सम्परीक्षण बाट थप रु. २३ लाख ९० हजार र यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.१ करोड ३५ लाख ८८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत जगदुल्ला गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग

र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६५	३४	३९,०७,३८२	०	२८	१६,३६,३२४	०	६५	६	२२,७१,०५८	०	१६,४३,२७४	३,६०,५८४	०	०	२०,०३,८५८	२,६७,२००

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
डोल्पा	१,८९,६०,२४२	0	१,००,३३,७३५	८९,२६,५०७	२३,९०,०००	२२,७१,०५८	१,३५,८७,५६५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	६३	समपुरक अनुदानमा साझेदारी	७०,३१८
२	२०८१/८२	५१	विज्ञापन खर्च	३३,६५५
३	२०८१/८२	५४	मुल्य अभिवृद्धि कर कट्टी	२,५२,५२०
४	२०८१/८२	६६	बढी भुक्तानी	१,३९,८३७
५	२०८१/८२	६५	बढी भुक्तानी	१,२३,१००
६	२०८१/८२	६४	बढी दरमा भुक्तानी	९,९६,३८०

७	२०८१/८२	५७	प्लास्टर र रंगरोगन कार्य	१४,०९०
८	२०८१/८२	४३	कपी परीक्षणको पारिश्रमिक कर	३,९२४
९	२०८०/८१	विभिन्न	प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ	४,३१,५१४
१०	२०८०/८१	विभिन्न	पेश्की बाँकी	१०,५५,२३७
११	२०८०/८१	विभिन्न	गाउँपालिका पूँजीगत तर्फ	१४,१४,०७९
१२	२०८०/८१	विभिन्न	आन्तरिक आय तर्फ	३४,०००
१३	२०७९/८०	विभिन्न	पेश्की बाँकी	६१,९०,०००
१४	२०७८/७९	विभिन्न	नन्फाइलर	९,०८,९०५
जम्मा				१,१६,७०,०५९

जगदुल्ला गाउँपालिका, डोल्पा

(८०६६१५०३३००)

जगदुल्ला गाउँपालिका , डोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ८३.३ वर्ग किलोमिटर तथा २५७५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०९ देखि २०८२।०५।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको यस वर्षको आय व्ययतर्फ रु.६२ करोड ९४ लाख ३३ हजार ८१८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३२ हजार २५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	**बिवरण**	रकम रु.
१	हरि वहादुर बुढाको नागरिक लगानीको बढी भुक्तानी रकम रु.३२२५०।० मिति २०८२।७।४ दाखिला गरी प्रमाण पेश भएको ।	३२२५०
	जम्मा	३२२५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०८९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरण** - पालिकाले उपलब्ध गराएको एकीकृत वित्तीय विरण देहायबमोजिम रहेको छ । त्यस्तै पालिकाको सुत्र अनुसारको म.ले.प. २०७० अनुसारको प्राप्त तथा भुक्तानी बिवरण अनुसुचीमा संलग्न गरिएको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	**रकम रु.**	**रकम रु.**	**विवरण**	**रकम रु.**	**रकम रु.**
सुरु मौज्दात		१४६९४५८०.१२	**चालुखर्च**		**१४५०१८३६३.८८**
१.संचित कोष	८३३२२९८.७८		१.पालिका तर्फ	६२४०२१३६.६१	
२.धरौटी	४२७६७९६.		२.संघीय सशर्त	७६८२६७५७.२७	
३.कार्यसञ्चालन कोष	२०८५४८५.३४		३.संघीय विशेष	०.००	
४. अन्य कोष			४.प्रदेश सशर्त	७८९४७०.००	
यस वर्षको आय		२२५४३२३.३	५.प्रदेश विशेष	५००००००.००	
१.आन्तरिक आय	२२५४३२३.३		**पुँजीगतखर्च**		**११२८३६८२९**
२. वित्तीय हस्तान्तरण (संघ)		२२९४३३७६०.३६	१.पालिका तर्फ	५२७२८७८१.००	
क) समानीकरण अनुदान	६५१४९६००.००		२.संघीय सशर्त	२८९५७१२६.००	
ख) राजस्व बाँडफाँट	४२४०९६०९.३६		३.संघीय विशेष	०.००	
ग) सशर्त अनुदान	११५७७३०००.००		४.संघीय समपुरक	६००५६३५.००	
घ) समपुरक अनुदान	६१०१५५१.००		५.प्रदेश सशर्त	१५७४८९८७.००	
ङ) विशेष अनुदान	०.००		६.प्रदेश विशेष	०.००	
च) रोयल्टी	०.००		७.प्रदेश समपुरक	९३९६३००.००	
छ) अन्य	०.००		**अन्तरसरकारी अख्तियारी (संघ)**		**३१५०९१३५**
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३८७१९३६९.	क)सामाजिक सुरक्षा	१०८७२८४०.००	
क) समानीकरण अनुदान	४१७३०००.००		ख)विद्यालय क्षेत्र योजना	०.००	
ख) राजस्व बाँडफाँट	४४०४६५.३५		ग) स्थानिय तह प्रशासकिय भवन निर्माण	१६३१०००.००	
ग) सशर्त अनुदान	२०१४५०००.००		घ) स्थानिय पुर्वाधार सहयोग कार्यक्रम	१९००५२९५.००	
घ) समपुरक अनुदान	९४०१३६९.००		ङ)उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	०.००	
ङ) विशेष अनुदान	५००००००.००		**अन्तरसरकारी अख्तियारी (प्रदेश घाइते अपाङ्ग शहिद स्मृती कार्यक्रम**	**४०८०००.००**	**४०८०००**
च) रोयल्टी	०.००		धरौटीफिर्ता तथा सदर	१४३३३४५.००	१४३३३४५

			स्याहा		
छ) अन्य	०.००		कार्यसञ्चालनकोषबाट भएको खर्च	८७९३२७८.६६	८७९३२७८.६६
४. अन्तर सरकारी अख्तियारी (संघ)		३१५०९१३५.००	अन्यकोषबाट भएको खर्च	०	०
क) सामाजिक सुरक्षा	१०८७२८४०.००		**अनुदानफिर्ता**		**१३६९६६४४.७३**
ख) विद्यालय क्षेत्र योजना	०.००		**१.संघ तर्फ**		
ग) स्थानिय तह प्रशासकियभवन निर्माण	१६३१०००.००		क)सशर्त अनुदान	९९८९११६.७३	
घ) स्थानिय पुर्वाधारसहयोग कार्यक्रम	१९००५२९५.०		ख)समपुरक अनुदान	९५९१६.००	
ङ) उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरणकार्यक्रम	०.००		**२.प्रदेश तर्फ**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश) घाइते अपाङ्ग शहिद स्मृतीकार्यक्रम	४०८०००.००	४०८०००.००	क)सशर्त अनुदान	३६०६५४३.००	
६. ऋण/ वित्तीय व्यवस्था	०.००	०.००	ख)समपुरक अनुदान	५०६९.००	
७. धरौटी आय	२८५९८९१.००	२८५९८९१.००	**अन्तिममौज्दात**		**१६७३७२०५.६२**
८. कार्यसञ्चालन कोष आय	१०२४३१६०.३	१०२४३१६०.३	१.संचित कोषको मौज्दात	७४९८४९६.६४	
९. अन्य कोषको आय	०.०	०.	२.धरौटी	५७०३३४२.००	
१0. अन्य आय भएमा	३१०५८२.८१	३१०५८२.८१	३.कार्यसञ्चालनकोष	३५३५३६६.९८	
			४.अन्यकोष		
जम्मा	**३३०४३२८०१.८९**	**३३०४३२८०१.८९**	**जम्मा**	**३३०४३२८०१.८९**	**३३०४३२८०१.८९**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणाली लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,०८,७२,८४०।०, स्थानीय तह प्रशासकीय भवन निर्माण रु.१६,३१,०००।०, स्थानीय तह पूर्वाधार सहयोग कार्यक्रम रु.१,९०,०५,२९५।० र प्रदेश घाइते अपाँग शहिद स्मृति कार्यक्रम रु.४,०८,०००।० समेत गरी रु.३,१९,१७,१३५।० सुत्रमा लेखाङ्कन गरेको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरणमा सबै कारोवार समेटी यथार्थ आर्थिक अवस्थाको चित्रण गर्नुपर्दछ ।

२.३ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१३५९४८०।३१, यस वर्षको प्राप्ति रु.५९१०४३९२।५७, यस वर्षको भुक्तानी रु.५५८४०४०३।०४ र बैङ्क मौज्दात रु.१८७९९०।० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१३३३५०९९.८१	२५६६३३८२९.२०	२५७८५५१९३.२३	१६९२५१९५.६२
एकीकृत आर्थिक विवरणअनुसार	१४६९४५८०.१२	३१५७३८२२१.७७	३१३६९५५९६.२७	१६७३७२०५.६२
फरक	१३५९४८०.३१	५९१०४३९२.५७	५५८४०४०३.०४	१८७९९०.०

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको म.ले.प.फा.नं.२७० अनुसार रु.१३३३५०९९.८१ मौज्दात रहेकोमा यो वर्ष एकीकृत आर्थिक विवरण अनुसार रु.१४६९४५८०।१२ जिम्मेवारी सारेको छ । जस अनुसार सुत्रमा भन्दा एकिकृत आर्थिक विवरण प्रतिवेदनमा रु.१३५९४८०।३१ बढी जिम्मेवारी सारेको सम्बन्धमा कारण यकिन हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	७४९८४९६।६४	७४९८४९६।६४	०
चालु खर्च खाता	०	०	०
पुँजीगत खर्च खाता	०	०	०
विविध खर्च खाता	४०४९२२।७८	४०४९२२।७८	
विपद व्यवस्थापन खाता	८८००००	८८००००	०
स्थानीय विभाज्य कोष	०	०	०
कर्मचारी कल्याण कोष खाता	२२५०४४४।२०	२२५०४४४।२०	०
धरौटी मौज्दात	५७०३३४२	५७०३३४२	०
बैङ्क मौज्दात	१६७३७२०५.६२	१६७३७२०५.६२	

२.६ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू.१३६९६६३४.७३ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी फिर्ता गर्नु पर्ने देखिएकोमा सोहि रकम सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

अनुदान	प्राप्त रकम	खर्च रकम	फिर्ता गर्नुपर्ने रकम	फिर्ता भएको रकम
संघ शर्सत(चालु)	८९२७३०००	८२६२१५७८.२७	६६५१४२१.७३	६६५१४२१.७३
संघ शर्सत(पुँजिगत)	२६५००००००	२३१६२३०५	३३३७६८५	३३३७६८५
संघ विशेष(पुँजिगत)	०	०	०	०
संघ समपूरक(पुँजिगत)	६१०१५५१	६००५६३५	९५९१६	९५९१६
प्रदेश शर्सत(चालु)	११४५०००	७८९४७०	३५५५३०	३५५५३०
प्रदेश शर्सत(पुँजिगत)	१९००००००	१५७४८९८७	३२५१०१३	३२५१०१३
प्रदेश विशेष(चालु)	५००००००	५००००००	०	०
प्रदेश समपुरक (पुँजीगत)	९४०१३६९	९३९६३००	५०६९	५०६९
जम्मा	१५६४२०९२०	१४२७२४२७५.२७	१३६९६६३४.७३	१३६९६६३४.७३

२.७ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,८७,९९०।० बढी खर्च भएको देखाएको छ । यसरी यकिन भई सकेको कर दायित्व वढी कट्टी देखाएको सम्बन्धमा पालिकाबाट हिसाव मिलान गरी आर्थिक विवरण अद्यावधिक राख्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी नरहेको,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा नतोकेको,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना नगरेको,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता नराखेको,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी

भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना नभएको,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था नगरेको,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु नगरेको,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन नगरेको,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस नगरेको,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार नगरेको,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा नआएको,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,

· दिगो विकास योजना (सन २०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए नगरेको,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता नराखेको,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा नराखेको,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी उल्लेखित व्यहोरामा सुधार गर्न पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिका उपाध्याक्षले मिति २०८१।०३।१० मा रु. ३१ करोड ५ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८१।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ **रकमान्तर गरी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यपालिकाको निर्णय बमोजिम २२ कार्यक्रम घटाई ५६ कार्यक्रममा बढाएर विभिन्न शिर्षकमा कुल रु.२,९२,१५,९८२।० रकमान्तर गरी खर्च गरेको छ। पालिकाले यसमा सुधार गर्नु पर्दछ ।

क्र.स.	स्वीकृत आयोजना/कार्यक्रमको नाम	बजेट रकम रु.	संशोधित आयोजना/कार्यक्रमको नाम	बजेट रकम रु.	कैफियत
1	गाउँपालिका केन्द्र जोड्ने सडक मर्मत	८८२८०००	प्रशासकीय भवन निर्माण लगायत १० योजनामा	८८२८०००	
२	दोजाम हुदै सिमचौर दलित बस्ति तटबन्धन निर्माण कार्यक्रम	३१०४०००	दलित आवसीय छात्राबास व्यवस्थापन त्रिपुरा मावि काइगाउँको मेसिनरी औजार तथा फर्निचर खरिद	२२०४००० ९०००००	

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

८ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. २१,००,०००।० अबण्डा बजेट व्यवस्था गरी रु.१८,२४,०००।० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । रु. हजारमा

बजेट उपशिर्षक	कुल खर्च रु.	त्रैमासिक खर्च रु.				आषाढ महिनाको खर्च रु.
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	११२८३६	५४६४	१३१२६	११९४२	८२३०३	५६१४६
प्रतिशत	१००	४.८४	११.६४	१०.५८	७२.९४	४९.७६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११२८३६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५४६४ हजार (४.८४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १३१२६ हजार (११.६४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ११९४२ हजार (१०.५८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८२३०३ (७२.९४ प्रतिशत)खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ५६१४६ (४९.७६ प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको भुक्तानी बढी देखिएकाले त्रैमासिक रुपमा खर्च व्यवस्थापन गरेको छैन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	४४	४	०	०	४०

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१२०६९००	८६०७२६२	७१.३१
२	पूर्वाधार विकास	१२११०२५००	१०७३८२५५३।२७	८८।६७
३	सामाजिक विकास	१०१०२१०००	८१३३४७७२	८०।५१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६२७३०००	३३११२७	५२।७८
५	कार्यालय संचालन तथा प्रशासनिक	५५०१९०७५४	५१२१३८४३.९६	९२।९६
६	**जम्मा**	२९५५५७२५४	२५१८४९५५८.२३	८५.२१

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.९७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २.१२ प्रतिशत रहेको छ ।

१२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ४४ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	४४	२१	१९	४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कायम गर्न नसक्ने अवस्था आउँछ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४० योजनामात्र कार्यान्वियन भई ४ योजना कार्यान्वियन नभएको देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१३ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २२,५४,३२३।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.२६,८५,९३,५९४।०० समेत रु. २७,०८,४७,९१८।०० आम्दानी भएकोमा चालु तर्फ रु.१४,५०,१८,३६४।०० र पूँजिगत तर्फ रु.११,२८,३६,८२९।०० समेत रु.२५,७८,५५,१९३।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४९,६५,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २२० प्रतिशत रहेको छ ।यसमा पदाधिकारी खर्च आन्तरिक आयको तुलनामा अत्यधिक बढी देखिएको हुँदा आन्तरिक आयसँग मध्यनजर गरी पदाधिकारी सुविधा व्यवस्थापन गर्नुपर्दछ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.२४ प्रतिशत चालु र ४३.७६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ वार्षिक खरिद गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,२८,३६,८२९।० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ ठेक्का अभिलेखः

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस आर्थिक वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वियन भएको देखिएन । तसर्थ कानुनमा

तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी सोको कार्यान्वयन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस आ.व. मा २ पटक सार्वजनिक सुनुवाई भएकोमा त्यसबाट प्राप्त पृष्ठपोषणको संवोधन मार्फत पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु ध्यान दिनुपर्दछ।

१८ स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ९६ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

१९ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका १० वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध भएन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्दै वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याई सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

सि.नं.	विवरण	जम्मा
१	जन्मदर्ता	१८६
२	मृत्युदर्ता	१४
३	बसाईसराई दर्ता	६
४	विवाह दर्ता	३१

२० प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लगायत १५ पदहरु रिक्त रहेका छन् ।

२१ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक सव इन्जिनियर, स्टाफनर्स, ल्याव टेक्निसियन लगायत पदमा १६ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.४७,५२,०००।०० भुक्तानी गरेको स्थिति देखिन्छ । पालिकाले आवश्यकताको आधारमा प्रदेश लोक सेवा आयोगमा माग गरी दिगो रुपमा जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

२२ कल्याणकारी कोष

कर्णाली प्रदेशको स्थानीय सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ को दफा १२५ मा स्थानीय तहले आफ्ना बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणको लागि स्थानीय कर्मचारी कल्याणकारी कोष स्थापना गर्न सक्ने र त्यसको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था स्थानीय कानुन अनुसार हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.६,१०,९४४।०० ट्रान्सफर गरेको देखिन्छ ।

२३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२४ इन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन (JCB-१, १ एम्बुलेन्स, ६ वडा तथा पालिकाका सम्पूर्ण मोटरसाइकल समेत) मर्मतमा यस वर्ष रु. १५,४३,३४१।०० र इन्धनमा रु. १५,००,०००।०० र पारिश्रमिकमा रु. ७,६२,४५६।०० खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने व्यवस्थित अभिलेख राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

यसमा तीन वर्षको इन्धन तथा मर्मत खर्चको अवस्था देहायनुसार विश्लेषण

आर्थिक वर्ष	बजेट	इन्धन खर्च	बजेट	मर्मत खर्च
२०७९।८०	२४०००००	२४०००००	१००००००	९९९०००
२०८०।८१	२४०००००	२४०००००	१९०००००	१९०००००
२०८१।८२	१५०००००	१५०००००	१८०००००	१५४३३४१

यसरी तिनै आर्थिक वर्षमा इन्धन र मर्मत खर्च उस्तै उस्तै देखिन्छ । इन्धन र मर्मत खर्चमा पालिकाले मितव्ययिता अपनाउन ध्यान दिनुपर्दछ ।

२५ विविध तथा सभा संञ्चालन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु.१८००००० खर्च गरेको र सभा सञ्चालनतर्फ खर्च भएको छ। उक्त खर्च पालिकाको आन्तरिक आय को ७९.८५ प्रतिशत हुन आउँछ। प्रशासनिक खर्च बढी हुँदा पालिकाको पुँजीगत खर्चमा असर पर्ने हुँदा यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

२६ संस्था तथा अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ.नं. र मिति	भुक्तानी भएको कार्यालय	वापत	रकम
१७५-९।३	इलाका प्रहरी चौकी	घर भाडा	११६४००
४४७-३।२५	पतञ्जली योग समिति नेपाल	योग सिविर सञ्चालन	५००००

२७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विपद् व्यवस्थापन निर्देशिका अनुसार ४ जना व्यक्तिहरुलाई रु.१,२०,०००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२२,५४,३२३।०० को ५.२३ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२८ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सबै वडासमेत गरी पालिकाले विभिन्न समयमा पटक पटक गरी पालिका, वडा कार्यालय, स्वास्थ चौकी लगायतमा गरी रू.२७१२००० को कार्यालय मालसमान खरिद गरेको। यसरी कार्यालयमा आवश्यक सामाग्री खरिद गर्दा सबै मसलन्द तथा सामाग्री खरिदलाई ठेक्का मार्फत खरिद गरी खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु ध्यान दिनुपर्दछ।

२९ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण खर्च स्वरुप रू. १३,००,०००।०० खर्च भएको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

३० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ रहेको र यस वर्ष दर्ता भएका ६ मध्ये ५ वटा फर्स्यौट भइ २ बाँकी रहेको छ । मुद्दा दर्ता भएमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानून (ऐन नियम कार्यविध लगाएत) हरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ ऐन, २ नियमावली, ४५ कार्यविधि तथा निर्देशिका लगायत ६१ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ६ सहकारी (COPOMIS) मा आवद्ध भएपनि ४ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला नगरेको । पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन समेत पेश नभएकोले सहकारीको सञ्चालन अवस्था बारेमा एकिन नहुने हुँदा प्रणालीमा विवरण अद्यावधिक गरी सहकारी संस्थाको वित्तीय कारोवारको परिचालन गर्दा दुरुपयोग नहुने अवस्था सिर्जना गर्नुपर्दछ ।

३३ **जिन्सी निरीक्षण तथा व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रक कार्यालय सम्पत्ती तथा जिन्सी मालसामानको अभिलेख अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले यस वर्ष नियमावली बमोजिम जिन्सी निरीक्षण गरेको छैन ।

· गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको पाइएन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुका साथै सम्पत्ती तथा जिन्सी मालसामानको पूर्ण अभिलेख सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ ।

३४ **सफ्टवेयर खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ वमोजिम अन्तिम लेखापरीक्षण गर्ने तथा लेखापरीक्षणवाट देखिएको वेरुजुको लगत राख्ने सम्वन्धमा महालेखापरीक्षकको कार्यालयलाई जिम्मेवारी तोकिएको सोहिवमोजिम लेखापरीक्षण तथा संम्परीक्षण र सोको अभिलेख राख्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली तयार गरी कार्यालयलाई समेत सोको युजर पासवर्ड दिइसकेको अवस्थामा पुन वेरुजु सफ्टवेयर वनाई रु.४९७२०६ । पालकिालाई थप व्ययभार पारेको रकम नियमसम्मत नदेखिएको रु

क्र.स.	सफ्टवेयरकोनाम	खरिदमिति	कम्पनी	खरिदमुल्य	खरिदआ.व.	कैफियत
१	बेरुजु ब्यवस्थापन सम्बन्धी सफ्टवयर		शाक्त टेक्नोलोजी प्रा लि	४९७२०६	२०८१।८२	
					अनियमित भएको	४,९७,२०६

३५ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.०१५ प्रतिशत देखि ६३.९० प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध गराएको

बोलपत्र विधिबाट खरिद भएको विवरण अनुसुचीमा संलग्न गरिएको छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३६ पेश्की वाँकी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७४ मा कुनै व्यक्तिलाई दिइएको पेश्की रकम तोकीएको अवधिभित्र नै फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा देहायवमोजिम म्याद नाघेको पेश्की रु.२,६७,२००।० नियमानुसार फछ्यौट गर्नुपर्दछ।रु.

भौ नं	विवरण	पेश्की लिनेको नाम	गत आवको	यस आवको	
				म्याद नाघेको	म्याद ननाघेको
६०	जगदुल्ला गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्यको थप पेश्की	क्याराभान कन्स्ट्रक्सन प्रा.लि.	२३०००००	-	-
६०	जगदुल्ला गाउँपालिकाको प्रशासनिक भवन निर्माण	क्याराभान कन्स्ट्रक्सन प्रा.लि.	११९००००	-	-
९५	वडा कार्यालय भवन निर्माण वडा १-६	इको वर्ल्ड कंस्ट्रक्सन प्रा. लि.	-	-	३९८०००
१०९	वडा कार्यालय भवन निर्माण वडा १-६	अमृत निर्माण सेवा	-	-	५३५०००
१२९	वडा कार्यालय भवन निर्माण वडा १-६	इको वर्ल्ड कंस्ट्रक्सन प्रा. लि.	-	-	३९८९००
१३०	वडा कार्यालय भवन निर्माण वडा १-६	अमृत निर्माण सेवा	-	-	५३५०००
१४१	वडा नम्बर ४ एकीकृत बस्ती बिकास	बि.एन.टि-उत्तम - कान्जीरोवा जे.भी.	-	-	७५०००००
१४२	वडा नम्बर ४ एकीकृत बस्ती बिकास	बि.एन.टि-उत्तम - कान्जीरोवा जे.भी.	-	-	७५०००००
४६	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने	योगेन्द्र बम ठकुरी	१५६०००	-	-
२४०	उद्यम विकास म्याचिङ्ग	योगेन्द्र बम ठकुरी	-	२६७२००	-
		जम्मा	३६४६०००	२६७२००	१६८६६९००

पेश्की	२,६७,२००

३७ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

क्र.सं.	प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी
१	११३१४ - भुमिकर/मालपोत	३, ०० , ०००.००	२, १६ , ७३९.००
२	११३१७ - वहाल कर	३०, २० , ४३८.३३	९६,६८३.८०
३	११३१८ - वहाल विटौरी कर	७, ०० , ०००.००	०
४	१४१२९ - अन्य निकायबाट प्राप्त लाभांश	०	०
५	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	२, ८२ , ०००.००
६	१४२२१ - न्यायिक दस्तूर	२०,०००.००	०
७	१४२२४ - परीक्षा शुल्क	२०,०००.००	२,०००.००
८	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५, ०० , ०००.००	५, २४ , ३५१.००
९	१४२४३ - सिफारिश दस्तुर	३, ०० , ०००.००	६६,५००.००
१०	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	५०,०००.००	१८,७५०.००
११	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	१०, ०० , ०००.००	४, ४४ , १३२.००
१२	१४५२९ - अन्य राजस्व	०	२, १८ , ३६०.५०
१३	१४६११ - व्यवसाय कर	०	२, ५० , ०००.००
१४	१५१११ - बेरूजू	६, ०० , ०००.००	१, ३४ , ८०७.००
जम्मा		६५, १० , ४३८.३३	२२, ५४ , ३२३.३०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६५,१०,४३८.३३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. २२,५४,३२३.३० अर्थात अनुमान भन्दा ६५.३८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२०४७७६९९०	२२५४३२३	१.१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४० **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

४१ **तीन वर्षको आन्तरिक आयको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आ.व. २०७९/८०को आय अनुमान	आम्दानी	आ.व. २०८०/८१को आय अनुमान	आम्दानी	आ.व. २०८१/८२को आय अनुमान	आम्दानी
६८८००००	२१५००००	४४२२०००	१८९८५३७	६५१०४३८	२२५४३२३
असुली प्रतिशत	३१.२५	असुली प्रतिशत	४२.९२	असुली प्रतिशत	३४.६२

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७९/८० को आय अनुमान रु.६८,८०,०००।०० मा रु.२१,५०,०००।०० अर्थात ३१.२५ प्रतिशत असुली भएको, आ.व. २०८०/८१ को आय अनुमान रु.४४,२२,०००।०० मा रु.१८,९८,५३७।०० अर्थात ४२.९२ प्रतिशत असुली भएको, आ.व. २०८१/८२ को आय अनुमान रु.६५,१०,४३८।०० मा रु.२२,५४,३२३।०० अर्थात ३४.६२ प्रतिशत असुली भएको देखिन्छ । यसमा डोजरबाट हुने आम्दानी ह्रास हुँदा आन्तरिक आय घट्दो क्रममा देखिन्छ ।आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई यथार्थ अनुमान गरी सोही अनुरुप असुलीमा जोड दिनुपर्दछ ।

४२ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४,४४,१३२.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४३ **कपी परीक्षणको पारिश्रमिक कर**

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **३,९२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष

पदाधिकारीको बैठक भत्ता, कर्मचारीको बैठक भत्तार अन्य भत्ता समेत रू.६६२६०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

४५ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **घरभाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ (वडा कार्यालय, स्वास्थ्य संस्था संचालन, विषयगत शाखा, मुल स्टोर समेत का लागि रू. ४२१००० खर्च गरेको छ। पालिकाले यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

४७ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखा परीक्षण बापत माध्यमिक तहका विद्यालयलाई बार्षिक रु.१५,०००।- र आधारभूत विद्यालयलाई बार्षिक रु.१०,०००।- अनुदान दिने व्यवस्था छ । साथै विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सो को प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिका भित्रका १३ विद्यालयलाई आर्थिक बर्ष २०८१।८२ मा रु.८०,०००।अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक परीक्षण नगराउनु यसको कारण हो ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदानको विद्यालयले आम्दानी जनाएको विषयमा यकिन हुन सकिएन । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा पालिकामा रहेको ७ वटै विद्यालयहरुले आर्थिक बर्ष ८१।८२ को लेखापरीक्षण प्रतिवेदन बुझाएको पाइएन । अत: लेखापरीक्षण र विद्यालय सुधार योजना समयमै तयार गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३११ जना रहेका छन। पालिकाले ओसियन फर्मबाट रु.१,९८,६२५।०० र रेम्मी अडर एण्ड सप्लायर्सबाट रु.१,६०,४००।०० (कोटेशन) गरी ६४४८ थान स्यानिटरी प्याडको रु.३,५९,०२५।०० (मु अ कर समेत) मा खरिद गरेको छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४९ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा

भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका विभिन्न फर्मसँग सोझै खरिद विधिबाट रु.२२९९८६० को औषधि खरिद गरेको देखिन्छ ।

क्र. स.	स्रोत तथा कार्यक्रम	गो भौ नं/ मिति	लागत अनुमान	खरिद मूल्य	सप्लायर्स	खरिद विधि
1	स्वास्थ्यका लागी ओषधि तथा ओषधिजन्य सामाग्री खरिद तथा ढुवानी	४२। २०८१।६। १४	६५६७५०	६५६७५०	यती हिमालयन सर्जिमेड प्रा.ली.	सोझै
२	स्वास्थ्यका लागी ओषधि तथा ओषधिजन्य सामाग्री खरिद तथा ढुवानी	६०। २०८१।६। १४	८४१२८०	८४१२८०	केवलेश्वर मेडि सेल्स	सोझै
3	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद	२। २०८१।६।७	५०१८००	५०१८००	मार्भेलोस इन्टरप्राइजेज प्रा.लि.	सोझै
४	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद	११। २०८१।६। ९	३, ०० , ०३०.	३, ०० , ०३०.	आयांश सर्जिमेड प्रा.ली	सोझै
५	आयुर्वेदका लागि औषधि खरिद	२४- ६।९	-	९४९४८३	इश्वर आयु सप्लायर्स	सोझै

पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ

५० **व्यावहारीक अभ्यास खर्च**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।८२ क्रियाकलाप नं २.७.१३.५० अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान अन्तर्गत प्राविधिक धार संचालन गरेका (९-१२) का विद्यालयलाई प्रतिविद्यर्थी वार्षिक रु.१५०००। का दरले अनुदान दिनसक्ने साथै प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारीक अभ्यास गर्न व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ बमोजिम कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहरिक अभ्यास गराउनुपर्ने उल्लेख छ ।त्यसरी प्राप्त रकम विद्यालयले विद्यार्थीलाई निर्वाह खर्च बापत प्रति महिना १ हजारका दरले सम्वन्धित विद्यार्थीको खातामा जम्मागर्नुपर्ने उल्लेख छ । त्रिपुरा मा. वि. ले कक्षा (९-१२) मा अध्यनरत ७० जना विद्यार्थीको प्रति विद्यार्थी १५०००।- का दरले जम्मा रु.१०,५०,०००।०० निकासा लिएकोमा व्यहारिक अभ्यासमा संलग्न कक्षा १०,११ र १२ का क्रमश: २०,१९ र १२ जना विद्यार्थीको तीन,तीन र छ महिनाको मासिक रु १००० का दरले हुनआउने जम्मा रु.१८९,०००।-बैंकमा दाखिला गरेको प्रमाण पेश भएको देखिएन । उक्त प्रमाण पेश हुनु पर्दछ ।

प्रमाण पेश नगरेको	१,८९,०००

५१ **विज्ञापन खर्च**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **४,९१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **४,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **३,९२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **१,६०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,१४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,३२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **१,३४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,६७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२,१४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गतको गतवर्ष ३० थान खरिद गरेकोमा मौज्दात नरहको र यस वर्ष ८० थानको रु.७०००० मा खरिद गरेकोमा यस वर्ष २६ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५३ लगत कट्टाको विवरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध हुन सकेन। मूल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ

५४ **मुल्य अभिवृद्धि कर कट्टी**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम भुक्तानि गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको सम्झौता गरी गरिएको खरिद कार्यमा नियमावलीमा भएको व्यवस्था अनुसार ३० प्रतिशत मुल्य अभिवृद्धी कर कट्टी नगरी सवै रकम सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले उक्त मुल्य अभिवृद्धि कर रकमको कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

क्र.सं.	भौ.नं.	निर्माण व्यवसायी/आपुर्तक	भुक्तानी रकम	मु.अ.कर भुक्तानी
१	२९-९।४	वियोण्ड विल्डिङ्ग कन्सल्टेन्सी एण्ड कन्ष्ट्रक्सन प्रा.ली.	४९८३३०	५७३३०
२	३८-९।४	आर्क एण्ड प्लानर्स एण्ड डेभलपर्स प्रा.ली.	९९३१३०	११४२५४
		जम्मा		१७१५८४

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **८०,४७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **८६,११४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **८५,९३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,७१,५८४

५५ **गाउँपालिका प्रशासकिय भवन निर्माण**

पालिकाले गाउँपालिका प्रशासकीय भवन निर्माण (ठेक्का नं.९।७८।७९) को कार्य मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७८।१०।११ मा निर्माण व्यवसायी श्री क्याराभान कन्ष्ट्रक्सन प्रा.ली.सँग रु.६,१९,९९,४७७।० (मुअकर बाहेक) को खरिद सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

५५.१ **पालिकाको साझेदारी** -स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को बुदा न १२ नेपाल सरकारले गाँउपालिकाको हकमा ६० प्रतिशत बजेट उपलव्ध हुने व्यवस्था छ । त्यसै गरी बुदा नं. १४ मा स्थानीय तहले यस कार्यविधि बमोजिम कार्यान्वियन हुने आयोजनाको प्रत्येक रनिङ बिलको रकम भुक्तानी दिदा तोकिएको लागत सहभागिताको अनुपातमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रमुख प्रशासकीय भवन निर्माण वापत निर्माण व्यवसायी श्री क्याराभान कन्ष्ट्रक्सन प्रा.ली.लाई निम्नानुसार बिलबाट कूल रू.१०३०००००।० भुक्तानी गरेकोमा सोको ६० प्रतिशतले हुने रू.६१८००००।० नेपाल सरकारले व्यहोर्नु पर्ने देखिएकोमा पालिकाले नेपाल सरकारको स्रोतबाट रू.१५००००००।०० मात्र भुक्तानी दिदा स्थानीय तहबाट रू.४६८००००।०० बढि अनुपातमा भुक्तानी भएकोले सो सम्बन्धमा नेपाल सरकारलाई जानकारी गराई आगामी विल भुक्तानी गर्दा सोही अनुसारको अनुपात मिलान गरी खर्च लेखाङ्कन गर्नुपर्दछ ।

विवरण	भुक्तानीभएको कुल रकम रु	नेपाल सरकारो लागत सहभातिता अनुसार हुने रकम	नेपालसरकारको बजेटबाट भएको भुक्तानी
प्रथम विल	१०३०००००	६१८००००	१५०००००
जम्मा	१०३०००००	६१८००००	१५०००००

५५.२

म्याद थप -पालिकाले उक्त निर्माण कार्यको म्याद मिति २०८२।२।१२ को कार्यपालिकाको निर्णयानुसार दोस्रो पटक मिति २०८३।३।३० सम्म थप गरेको छ । निर्माण व्यावसायीले पेश गरेको स्पष्ट आधार प्रमाणको आधारमा वास्तविकतामा आधारित भइ म्याद थप गर्नुपर्नेमा सोझै १ वर्ष म्याद थप गरेको पाइयो । अत वास्तविकता एकिन गरेर मात्र म्याद थप गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५५.३ **बिमा नगरेको** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले प्रशासकीय भवन निर्माण कार्यमा वीमा नै नगराइ निर्माण कार्य गराई प्रथम विल भुक्तानी समेत दिएको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता, म्याद थप गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

५६ **बिमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

ठेक्का नं	**निर्माण व्यवसायी**	सम्झौता रकम	बिमा गरे नगरेको
१०-८१।८२	यन्त्र मेकर्स प्रा.ली.	१०३३५७००	**नगरेको**
१२-८१।८२	BNT UTTAM KANJIROWA JV	७५३२३९५८	**नगरेको**
४-८१।८२	सुवाकोटी निर्माण सेवा	४४७११२३	**नगरेको**

५७ **प्लास्टर र रंगरोगन कार्य**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **६,९७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **७,१११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **उपभोक्ता समितिबाट जटिल कार्य तथा हेभी इक्वीपमेन्टको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिकाट कार्य गर्दा मितव्यायिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियफजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गर्न सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यमा लोडर, एक्साभेटर, रोलर लगाएतका हेभी मेशिनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । पालिकाले यस वर्ष पिसिसि, आरसिसिको कार्य गर्नुपर्ने विभिन्न भवन निर्माण कार्य तथा लागत अनुमानमा नै मेशिनको दर राखि डोजर एक्साभेटर प्रयोग गरी निर्माण गर्नुपर्ने पर्ने सडक निर्माण कार्य उपभोक्ता समितबाट गराएको छ । उपभोक्ता समितिबाट मेशिन प्रयोग गर्दा रोजगारी सृजना नहुने तथा भवन निर्माण कार्यमा

गुणस्तरियता समेत हुने कुरामा एकिन नहुने हुँदा उपभोक्ता समितिबाट जटिल संरचना निर्माण गर्ने साथै हेभी इक्वीपमेन्ट प्रयोग गरी गर्नुपर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५९ **परामर्श सेवा खरिद**

बजेट व्यवस्था भइ कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यस वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायनुसारको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

सि.नं.	कार्यको विवरण	परामर्शदाता	खर्च रकम	परियोजना लागत	कैफियत
१	दोजाम हुँदै सिमचौर तटबन्धन निर्माणको लागि डीपिआर निर्माण	वियोण्ड विल्डिङ्ग कन्सल्टेन्सी एण्ड कन्ष्ट्रक्सन प्रा.ली.	४९८३३०	१९१९८०९०	बजेट विनियोजन भएको
२	राँगामचिला मन्दिर तथा पर्यटन पूर्वाधार निर्माणका लागि डिपिआर निर्माण	भिजनरी डिजाइन प्रा.ली.	६९९४७०	२४५३३४०९	बजेट विनियोजन भएको
३	दोसाङ्टा टापुको डिपिआर	सक्सेस डिजाइनर एण्ड डेभ्लपर्स प्रा.ली.	७४८५६८	१२०१०३४८५	बजेट माग गरिएको
४	तिनमुली तिर्थस्थल डिपिआर	डाइनामाइट कन्सल्टेन्सी एण्ड कन्ष्ट्रक्सन	७४८९८४	१३७१८९९६२	ठेक्का प्रक्रियामा रहेको
५	सडक गुरुयोजना निर्माण	आर्क एण्ड प्लानर्स एण्ड डेभलपर्स प्रा.ली.	९९३१३०	-	
६	एकीकृत नमुना वस्ति डिपिआर गत वर्षको भुक्तानी	सक्सेस डिजाइनर एण्ड डेभलपर्स प्रा.ली.	९४९५३९	३०५४३२७३१	काम सुरु भइ सकेको
७	वडा नं.४ कोटछाँचु एकिकृत वस्ती विकासको वातावरणीय अध्यायन	वाई वि डिजाइनर्स एण्ड डेभलपर्स प्रा.ली.	१०४९०००	-	

उल्लिखित परामर्श खरिदबाट प्राप्त विवरण स्वीकृत गरी कार्यान्वयन गर्न तर्फ ध्यान दिनुपर्दछ ।

५९.१ **लागत अनुमान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्शबाट खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजन वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको देखियो । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

५९.२ **प्रस्ताव मुल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन नगरी सोझै आर्थिक प्रस्तावको आधारमा खरिद सम्झौता भएको देखियो । जसबाट परामर्शदातासँग तोकीएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदन गुणस्तरिय भएको मान्न सकिएन ।

५९.३ पालिकाले यसपालि परामर्श खरिदबाट तयार गरेको पालिकाको सडक गुरुयोजना निर्माण र वडा नं.४ कोटछाँचु एकिकृत वस्ती विकासको वातावरणीय अध्यायन गाउँ कार्यपालिका तथा नगरसभाबाट स्वीकृति गरी कार्यान्वयन गर्नुपर्दछ ।

६० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्मबाट कुल रु.४१,६७,२७३।० सोझै खरिद गरेको देखियो । सार्वजनिक निकायले खरिदमा उच्च प्रतिस्पर्धा हुने विधि छनौट गरी खरिद कार्य गर्नुपर्दछ ।

क्र.सं.	भौचर नं.	कार्यक्रम	भुक्तानी लिने	वापत	भुक्तानी रकम
पुँजीगत तर्फ					
२	७-६।१५	फर्निचर तथा फिक्चर्स	सुजल डेकोरेटिभ हाउस	फर्निचर खरिद	३६२०००
३	९-६।१५	मेशिनरी तथा औजार खरिद	सुर्खेल आइ टी सेन्टर	ल्यापटप लगाएत सामाग्री	३८०८७८
४	२१-८।२१	विद्युत संरचना मर्मत सम्भार	जगदुल्ला इलेक्ट्रिक्स स्टेशनरी अडर एण्ड सप्लायर्स	लघु विद्युत तार खरिद	२८६७२५
५	४६-१०।५	प्राविधिक सामाग्री खरिद	स्मार्ट इन्फ्रा टेक सोलुशन प्रा.ली.	प्राविधिक ल्याव सामाग्री	९९२१४०
गाउँपालिका चालुतर्फ					
७	४-६।७	विविध सामाग्री खरिद	काइडेन इन्टरप्राइजेज	कार्यालय सामाग्री	५३४३७७
९	११५-९।१३	मसलन्द तथा कार्यालय सामाग्री	सुप्रिया जनरल स्टोर एण्ड अर्डर सप्लायर्स	मसलन्द सामाग्री	५०६५७८
११	१२४-८।१४	विविध सामाग्री खरिद	जिविका सप्लायर्स	व्याग खरिद	३३९०००
१८	२०८-९।४	विपद व्यवस्थापनका लागि सामाग्री खरिद	जुम्ला इन्फो एण्ड अर्डर्स सप्लायर्स	टेन्ट लगाएत सामाग्री खरिद	७६५५७५
		जम्मा			४१६७२७३

६१ प्राविधिक बिल र कार्य सम्प

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६२ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को

भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६३ **सम्पुरक अनुदानमा साझेदारी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **७०,३१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६४ **बढी दरमा भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **९५,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **२५,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **४६५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **३७०,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **३९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६५ **बढी भुक्तानी** (१२३-2082-03-24):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **१२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले त्रिपुरा साधारण तथा प्राविधिक विद्यालयलाई भवन निर्माण अनुदान कार्यको लागि विद्यालयबाट ठेक्का प्रक्रिया गरी पेश गरेको नापी किताब र कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.५४१८७४६।० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

६६.१ **त्रिपुरा साधारण तथा प्राविधिक विद्यालय**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **१५,२५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६.२ **थप भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१३** को निर्णयले रू **१२४,५८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६७ **विगत वर्षको दायित्व** (2-2081-05-05):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको विवरण प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले सिमचौर खेल मैदान निर्माण भुक्तानी बाँकी रकम शिर्षकबाट उपभोक्ता समितिलाई गत वर्षको भुक्तानी बाँकी रकम रु.१०,००,०००।० भुक्तानी गरेको छ । निर्माण कार्य मिति २०७८।१।२० मा सम्पन्न गर्ने गरी मिति २०७७।९।७ मा भएको सम्झौता भएकोमा आर्थिक वर्ष २०८१।८२ मा गाउँसभावाट बजेट विनियोजन गरी विगत वर्षको रकम भुक्तानी भएको देखिन्छ । सम्बन्धित आर्थिक वर्षमा भुक्तानी गर्न नसिकएमा आगामी वर्षमा भुक्तानी गर्नुपर्नेमा नगरी २ आर्थिक वर्ष पश्चात रकम भुक्तानी गरेको देखिएकोले यस्तो प्रक्रियमा नियन्त्रण गर्नुपर्दछ ।

६८ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले निम्नानुसारका समूहलाइ बीउपूँजी तथा अनुदान स्वरुप रु.५,००,०००।- खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नियन्त्रण गरी प्रतिफल प्राप्त भए नभएको यकिन गरी कार्यालयको वेभसाइटमा राखि अनुदान रकमको सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सिनं	कार्यक्रमको नाम	भूक्तानी पाउने समूह	रकम
१	च्याङ्ग्रा प्रवर्दन कार्यक्रम	धुवि भेडा तथा बाख्रा पालन समुह	५, ०० , ०००
		जम्मा	५, ०० , ०००

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा २७ मा श्रमिकको कामको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोहि दर कायम हुने उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ९ वटा योजना सञ्चालन गरी रु. ५७,३०,३४२।० ज्याला वापत खर्च गरेको छ । संलग्न श्रेस्ता परिक्षण गर्दा श्रमिकको ज्याला निर्देशिका अनुसार जिल्ला दररेटको ८० प्रतिशत मात्र राख्नुपर्नेमा योजनाको लागत अनुमान तयार गर्दा दक्ष तथा अदक्ष कमदारको दैनिक ज्यालादर जिल्ला दररेट अनुसार क्रमश रु.१,४३०।० र रु.१,०५०।० राखेको देखियो । तर कामदारलाई उपलब्ध गराएको भर्पाइ अनुसार बैक दाखिला रकममा निर्देशिका अनुसार रकम बुझाएको देखाएको छ ।यसरी जिल्ला दररेट र निर्देशिकाबिच एकरुपता भएको पाइएन । कामदारलाई उपलब्ध गराएको भरपाइ अनुसार बैँक दाखिला भएको रकम निर्देशिका अनुसार बुझाएको भएपनि यस बर्ष ९ योजनामा ज्याला भुक्तानीको २० प्रतिशतले हुने रु.११,४६,०६८।० देखिएकोले उक्त खर्च रकम नियमसम्मत गर्नुपर्ने रु.

अनियमित भएको	११,४६,०६८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जगदुल्ला गाउँपालिका, डोल्पा , जगदुल्ला गाउँपालिका , डोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खगेन्द्र ऐडी	२०७६-०९-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	रेकम पोख्रेल	२०७६-११-१९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,३१३,४८६	१,६४३,२७४	६८३,४२२	०	०	२६७,२००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३,९०७,३८२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	१,६३६,३२४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,२७१,०५८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४६९४५८०.१२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१८७०२४१५१	चालु खर्च	१४५०१८३६३.८८
प्रदेश सरकारबाट अनुदान	३८७१९३६९	पूँजीगत खर्च	११२८३६८२९
राजश्व बाँडफाँट	४२४०९६०९.३६	वित्तीय/अन्य व्यवस्था	५५८४०४०३
आन्तरिक आय	२२५४३२३.३		
अन्य आय	४५३३०७६९.११		
कुल आय	३१५७३८२२१.७७	कुल खर्च	३१३६९५५९५.८८
बाँकी मौज्दात		१६७३७२०६.०१	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	४,१४,८४,६९५.२१	४,१४,८४,६९५.२१	३,८२,०३,६१६.७६	३,८२,०३,६१६.७६
१३०००	अनुदान	२१,२०,४६,८७५.२७	२१,२०,४६,८७५.२७	२१,३४,४०,८८५.७०	२१,३४,४०,८८५.७०
१४०००	अन्य राजस्व	२९,६७,४५१.७२	२९,६७,४५१.७२	१७,२२,४२९.३३	१७,२२,४२९.३३
१५०००	विविध प्राप्ति	१,३४,८०७.००	१,३४,८०७.००	३,२१,८०१.००	३,२१,८०१.००
क	**कुल जम्मा प्राप्ति**	**२५,६६,३३,८२९.२०**	**२५,६६,३३,८२९.२०**	**२५,३६,८८,७३२.७९**	**२५,३६,८८,७३२.७९**
३	चालु	१४,५०,१८,३६४.२३	१४,५०,१८,३६४.२३	१४,३८,४०,७११.९६	१४,३८,४०,७११.९६
२१०००	पारिश्रमिक / सुविधा	८,५०,४९,९०८.४८	८,५०,४९,९०८.४८	८,२२,१२,१२२.९६	८,२२,१२,१२२.९६
२२०००	मालसामान तथा सेवाको उपयोग	४,४२,७६,९६३.००	४,४२,७६,९६३.००	४,८३,४२,९६४.००	४,८३,४२,९६४.००
२५०००	सहायता (Subsidy)	७४,२२,५२२.७५	७४,२२,५२२.७५	६४,१५,८७२.००	६४,१५,८७२.००
२७०००	सामाजिक सुरक्षा	७०,५३,८१०.००	७०,५३,८१०.००	५७,९५,७१५.००	५७,९५,७१५.००
२८०००	अन्य खर्च	१२,१५,१६०.००	१२,१५,१६०.००	१०,७४,०३८.००	१०,७४,०३८.००
४	पूंजीगत	११,२८,३६,८२९.००	११,२८,३६,८२९.००	१०,०४,८५,३३६.००	१०,०४,८५,३३६.००
३१११०	भवन तथा संरचना	४,२८,४७,०२९.००	४,२८,४७,०२९.००	२,८७,८८,७२०.००	२,८७,८८,७२०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	४०,०५,८३८.००	४०,०५,८३८.००	३९,३२,०१२.००	३९,३२,०१२.००
३११३०	अन्य पूँजीगत खर्च	६६,६०,७६२.००	६६,६०,७६२.००	४४,३२,६७५.००	४४,३२,६७५.००
३११५०	सार्वजनिक निर्माण	५,८३,७३,६६१.००	५,८३,७३,६६१.००	६,२९,३१,९२९.००	६,२९,३१,९२९.००
३११७०	पूँजीगत सुधार खर्च	९,४९,५३९.००	९,४९,५३९.००	४,००,०००.००	४,००,०००.००
५	वित्तीय	०	०	५०,००,०००.००	५०,००,०००.००
३२१५२	अन्य संस्थामा शेयर लगानी	०	०	५०,००,०००.००	५०,००,०००.००
ख)	**कुल जम्मा भुक्तानी**	**२५,७८,५५,१९३.२३**	**२५,७८,५५,१९३.२३**	**२४,९३,२६,०४७.९६**	**२४,९३,२६,०४७.९६**
ग)	बचत /कमी (ग = क-ख)	-१२,२१,३६४.०३	-१२,२१,३६४.०३	४३,६२,६८४.८३	४३,६२,६८४.८३
घ)	धरौटी, आकस्मिक कोष	४८,११,४५९.८४	४८,११,४५९.८४	-१९,९७,२४३.३६	-१९,९७,२४३.३६

	लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)				
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	१,८७,९९०.००	१,८७,९९०.००	-२,६४०.००	-२,६४०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	३५,९०,०९५.८१	३५,९०,०९५.८१	२३,६५,४४१.४७	२३,६५,४४१.४७
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	१,३३,३५,०९९.८१	१,३३,३५,०९९.८१	१,०९,६९,६५८.३४	१,०९,६९,६५८.३४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	**१,६९,२५,१९५.६२**	**१,६९,२५,१९५.६२**	**१,३३,३५,०९९.८१**	**१,३३,३५,०९९.८१**

बेरूजु दफा ३५ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र सं	ठेक्का नं	कार्यको विवरण	निर्माण व्यवसायीको नाम	ठेक्का सम्झौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	कार्यसम्पन्न अवस्था	लागत अनुमान (भ्याट समेत)	घटी प्रत
१	JRM/NCB /W-1/081-82	गाउँपालिका केन्द्र जोड्ने सडक स्तरोन्नती	गगामाला निर्माण सेवा सुर्खेत	२०८१। ११।०८	२०८२।०३।२२	भएको	३०२३८.३९	६०
२	JRM/NCB /W-2/081-82	दोजाम हुदै सिमचौर दलित बस्ती तडबन्धन निरमाण	कान्जीरोवा निर्माणसेवा डोल्पा	२०८१। १०।१३	२०८२।०३।२२	भएको	१०३०.१३	६२.३०
३	JRM/NCB /W-3/081-82	वडा नं. १ कार्यालय भवन निर्माण	इको वर्ल्ड कन्स्ट्रक्सन बर्दया	२०८१। ११।०५	२०८३।०३।२२	नभएको	११०६४.२२	५७.५९
४	JRM/NCB /W-4/081-82	वडा नं. ३ कार्यालय भवन निर्माण	सुवाकोटी निर्माण सेवा डोल्पा	२०८१। ११।०५	२०८३।०३।२२	नभएको	११०६४.२२	५२.४१
५	JRM/NCB /W-5/081-82	वडा नं. ५ कार्यालय भवन निर्माण	प्रतिक निर्माण सेवा डोल्पा	२०८१। ११।०५	२०८३।०३।२२		११०६४.२२	४९.३९
६	JRM/NCB /W-6/081-82	वडा नं. ६ कार्यालय भवन निर्माण	सृष्टी निर्माण सेवा डोल्पा	२०८१। ११।०५	२०८३।०३।२२		११३०७.५८	५४.१४
७	JRM/SQ /W-1/081-82	मुहुने देखि छाँचु सडक मर्मत	सदसंग निर्माण सौँ डोल्पा	२०८१। १२।२९	२०८२।०३।२२	भएको	१५००.७८	५९.२३
८	JRM/NCB /G-1/081-82	दलित अवशिय छात्राबास व्यवस्थापन	cf]lhZdfकन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि डोल्पा	२०८१। १२।१७	२०८२।०३।२२	भएको	७२०४.९८	०.०१५
९	JRM/NCB /W-7/081-82	माझगाउँ कोल्डस्टोर स्तरोन्नती	cf]lhZdfकन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि डोल्पा	२०८२। ०१।११	२०८२।०३।२२	नभएको	४०७५.९१	५१.४१
१०	JRM/NCB /W-8/081-82	रागामाचिला जाने सडक निर्माण	cf]म जय दुर्गे निर्माण सेवा सुर्खेत	२०८२। ०१।१६	२०८२।०३।२२	नभएको	१२८९७.८५	५७.७१
११	JRM/NCB /W-9/081-82	गैरिगाउँ खेलमैदान परिसरमा पुर्वाधार निर्माण	शे फोक्सुण्डो निर्माण सेवा डोल्पा	२०८२। ०१।१६	२०८२।०३।२२	नभएको	४२३०.३९	६३.९०
१२	JRM/NCB /SQ/G-1/081-82	५० प्रतिशत अनुदानमा कृषी सामाग्री खरिद तथा ढुवानी	मुक्तीनाथ कृषी कम्पनी लि सुर्खेत	२०८२। ०१।२२	२०८२।०३।२२	नभएको	१५८६.८०	१२.२०
१३	JRM/NCB /W-10/081-82	विध्यालयहरुमा शौचालय निर्माण	यन्त्र मेकर्स प्रा लि डोल्पा	२०८२। ०२।०८	२०८२।०३।२२	नभएको	१२०१०.९२	०.०३
१४	JRM/NCB /W-11/081-82	वडा नं. १-६ खानेपानी मर्मत	स्वस्तिका निर्माण सेवा डोल्पा	२०८२। ०२।०८	२०८२।०३।२२	नभएको	१२६७४.५९	०.०२
१५	JRM/NCB /W-1२/081-82	कोटछाँचु एकिकृत बस्ती बिकास निर्माण	बि एन टी – उत्तम- कान्जीरोवा जे.भी डोल्पा	२०८२। ०३।२५	२०८५।०३।२२	नभएको	१६५९५५.३७	५०.७२
१६	JRM/NCB /W-1३/081-82	वडा नं. २ कार्यालय भवन निर्माण	अमृत र्माण सेवा डोल्पा	२०८२। ०३।१९	२०८४।०३।२२	नभएको	११०६४.२२	५०.३२

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।